

# आकाश भैरव
# AAKASH BHAIRAB
*In-House Journal*

नेपाल वायुसेवा

Vol. 43, No. 5 Chaitra-Baishakh (2080-81) April-May (2024)




माननीय संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङज्यूलाई निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीले निगमको केन्द्रीय कार्यालय निरीक्षणका क्रममा स्वागत गर्नु हुंदै ।

## माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूबाट नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालय निरीक्षण तथा अनुगमन

नेपाल वायुसेवा निगमद्वारा आयोजित बैठकमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री हितबहादुर तामाङज्यूले नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयको निरीक्षण गर्नुभयो । उक्त अवसरमा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा.गणेश प्रसाद पाण्डेयज्यूको समेत उपस्थिति रहेको थियो भने निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले माननीय मन्त्रीज्यू लगायत सचिवज्यूलाई निगममा स्वागत गर्नुभएको थियो । यसै सन्दर्भमा माननीय मन्त्रीज्यूले निगमको चालु आ. व. २०८०/८१ को समीक्षा र आगामी आ. व. २०८१/८२ को वार्षिक योजना तथा वजेट प्रक्षेपण बैठकको उद्घाटन समेत गर्नुभएको थियो । उक्त वैठकमा निगमका कार्यकारी अध्यक्ष लगायत नायव महाप्रबन्धक (प्रा.), निगमका सम्पूर्ण विभागीय प्रमुखहरू, निगमका दश वटै अन्तर्राष्ट्रिय स्टेशनका प्रमुखहरू, सम्बन्धित महाशाखा तथा शाखा प्रमुखहरू र निगममा क्रियाशिल चारवटै ट्रेड युनियनका अध्यक्षहरूको उपस्थिति रहेको थियो । उक्त अवसरमा निगमका बजार व्यवस्थापन विभागका निर्देशक श्री टंकनिधि दाहालले निगमको हालको बजार स्थिति र बजारीकरणको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । सो अवसरमा निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीले निगमले हालसम्म हासिल गरेका उपलब्धिहरू र

बाँकी पेज नं. ३ मा

# सम्पादकीय

निगमले नयाँ वर्ष २०८१ को शुभकामनासहित आफ्ना यात्रुलाई नवीन सेवा र सुविधाहरू थप गर्दै यात्रुको निगमप्रतिको विश्वास बढाउनु पर्ने चुनौती पनि ल्याएको छ । यो विश्वास जित्नका लागि निगमले आवश्यक रूपमा जहाजको सङ्ख्या वृद्धि गर्दै आफ्नो सेवा विस्तार गर्नुको विकल्प छैन । यो विषयलाई मध्यनजर गरी निगमले आन्तरिक उडानलाई थप नयाँ गन्तव्यमा उडान भर्ने गरी जहाजको संख्या बढाउन जहाज खरीद प्रक्रियामा रहेको छ । नयाँ वर्षको आगमनसँगै राष्ट्रिय ध्वजाबाहक निगमले आफ्नो कार्यलाई चुस्त दुरूस्त बनाउन कार्ययोजनासहित अघि बढेको छ । विगत केही समय अगाडिदेखि निगमको न्यारोबडी (9N-AKX) जहाजमा विभिन्न प्राविधिक समस्या देखिएपछि मर्मतका लागि इजरायल पठाइएको थियो । अहिले उक्त जहाजको मर्मत सम्भारको काम पूर्णरूपमा सकी काठमाडौं आई सञ्चालनमा आइसकेको छ । केही महिनादेखि मर्मत सम्भारमा रहेको जहाज २०८१ सालको सुरूवातसँगै मर्मत भई संचालनमा आएपश्चात निगमले आफ्ना गन्तव्यमा पूर्णरूपमा सेवा संचालन गर्न सकी निगमको शाख अभिवृद्धि हुने विश्वास रहेको छ । निगमले अन्तर्राष्ट्रिय उडानको लागि दुई न्यारोबडी र दुई वाइडबडी जहाज खरीद गर्न कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्ये दुई न्यारोबडी जहाजको २०८० चैत्र महिनाको किस्ता र दुई वाइडबडी जहाजको आंशिक गरी मिति २०८० चैत्र ३० गते जम्मा रू ५३,०९,५५,२८१ (अक्षरेपी त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी रूपैयाँ मात्र) रकम भुक्तानी गरेको छ । यससँगै निगमले २०८० चैत्रसम्मको अवधिसम्म ५ अर्ब ३६ करोड ६६ लाख ८६ हजार ९६८ रूपैयाँ किस्ता रकम भुक्तानी गरेको छ ।

हवाई सुरक्षासम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय मापदण्डहरू बनेका हुन्छन् । यस्ता मापदण्डहरू अनिवार्य पालना गरी हवाई सुरक्षालाई विश्वसनीय भरपर्दो र गुणस्तरीय बनाउनु पर्ने यसको उद्देश्य रहेको हुन्छ । निगमले हवाई उडानसम्बन्धमा गर्नुपर्ने सम्पूर्ण अन्तर्राष्ट्रिय मापदण्डहरू पालना गरी हालसालै आइसागो (ISAGO) प्रमाणपत्र समेत प्राप्त गरेको छ । निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रदान गर्दै आइरहेको ग्राउण्ड ह्याण्डलिङ्ग सेवाको गुणस्तर IATA Safety Audit For Ground Operation-ISAGO बाट प्रमाणीकरण भई थप दुई वर्ष अर्थात् ५ मार्च, २०२६ सम्मको लागि ISAGO certification नवीकरण भएको छ । IATA-ISAGO को नियमानुसार हरेक दुई-दुई वर्षमा गरिने Audit को लागि IATA का आधिकारिक लेखापरीक्षकले Audit गरेपश्चात निर्धारित सबै मापदण्ड पूरा गरेको हुनाले निगमलाई यो प्रमाणपत्र प्रदान गरेको हो । यसरी हेर्दा २०८१ सालको सुरूआतसँगै अन्तर्राष्ट्रिय उडानमा रहेका ४ विमान संचालनमा आई निगमका सम्पूर्ण गन्तव्यमा पूर्ण क्षमतामा उडान संचालन हुनु तथा निगमले प्रदान गर्दै आएको भूमिस्थ सेवा Ground handling IATA ISAGO Certified भई सेवा संचालन भइरहेकोले निगमले आफ्नो सेवा चुस्त दुरूस्त रूपमा सुसंचालन गरी निगमको आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्र सुदृढ हुने विश्वास लिइएको छ ।



सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसँग निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीज्यूको शितल निवासमा शिष्टाचार भेटघाट


## सम्पादक मण्डल

प्रधान सम्पादक : अनिल घिमिरे
कार्यकारी सम्पादक : दिक्पाल सुवेदी
सम्पादक : अस्मिता सुवेदी
कल्पना काफ्ले

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स
नुमानन्द गौतम, यात्रुसेवा
छायाँ गुरुङ्ग, आन्तरिक लेखापरीक्षण
प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट
भाष्कर खनाल, मानव संशाधन
उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट
यशोदा सिंखडा, बजार व्यवस्थापन
रमेश कुमार पाण्डे, सा.से. तथा सं. व्यवस्थापन
इन्द्र थापा, अर्थ
हरि दत्त पन्त, अपरेसन्श
सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स

प्रकाशन : बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

## माननीय संस्कृति...

भावी योजनाहरूको बारेमा जानकारी गराउनु भयो । निगमका जहाज तथा विमानस्थलमा चल्ने उपकरणहरूको मर्मत सम्भारमा लाग्ने पाटपुर्जाहरू र निगमको जहाजमा प्रयोग हुने खाद्य सामग्रीहरू (In-flight Food and Beverages Items) मा भन्सार छुट सुविधा उपलब्ध गराउन, हवाई इन्धनमा लगाइएको कर छुट गर्ने तर्फ पहल गरिदिन, निगम राष्ट्रिय ध्वजावाहक भएकोले अन्य राष्ट्रमा त्यहाँका राष्ट्रिय ध्वजावाहकलाई प्रदान गरिने विशेष सुविधाहरू जस्तै निगमलाई पनि नेपाल सरकारको तर्फबाट विशेष सुविधाहरू दिलाउन, विमान चालक तथा अन्य कर्मचारीहरूको सेवा सुविधा वृद्धि गर्न, मौजुदा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा निगम जस्तो विशेष प्रकृतिको हवाई व्यवसायको लागि छुट्टै प्रावधान राखी आवश्यक संशोधन गर्नुपर्ने कार्यमा सहजीकरण गरिदिन तथा नेपाल वायुसेवा निगम ऐन, २०१९ को




प्रावधान अनुसार राष्ट्रिय ध्वजावाहकलाई सुदृढ र सबल बनाउन सहयोगको लागि मन्त्रालय समक्ष आग्रह गर्दै समन्वयात्मक भूमिका खेलिदिनसमेत अनुरोध गर्नुभयो । उक्त अवसरमा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा.गणेश प्रसाद पाण्डेयज्यूले निगमका कर्मचारीहरूलाई सधैं इमान्दारीपूर्वक आ-आफ्नो कार्यमा लाग्न निर्देशन दिनु भयो । त्यसैगरी सबैले एकसाथ इमान्दार भएर काम गरेमात्र निगमले प्रगति गर्न सक्ने विश्वास व्यक्त गर्दै मन्त्रालयबाट गर्नुपर्ने कार्यहरूमा सधैं सकारात्मक सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# नेपाल वायुसेवा निगमद्धारा २०८० चैत्र मसान्तसम्मको जहाजको ऋण भुक्तानी

निगमले अन्तर्राष्ट्रिय उडानको लागि खरिद गरेका दुई न्यारोबडी र दुई वाइडबडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्व मध्ये दुई न्यारोबडी जहाजको २०८० चैत्र महिनाको किस्ताबापत पूरा र दुई वाइडबडी जहाजको आंशिक गरी मिति २०८० चैत्र ३० गते जम्मा रू ५३,०९,५५,२८१ (अक्षरेपी त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी रूपैयाँ मात्र) रकम भुक्तानी गरेको छ । यससँगै निगमले २०८० चैत्र सम्मको अवधिमा ५ अर्ब ३६ करोड ६६ लाख ८६ हजार ९६८ रूपैयाँ किस्ता रकम भुक्तानी गरिसकेको छ ।

# निगमको ग्राउण्ड ह्याण्डलिङ्ग सेवाको गुणस्तर IATA-ISAGO प्रमाणीकरण

नेपाल वायुसेवा निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रदान गर्दै आइरहेको ग्राउण्ड ह्याण्डलिङ्ग सेवाको गुणस्तर IATA Safety Audit For Ground Operation-ISAGO बाट प्रमाणीकरण भई थप दुई वर्ष अर्थात् ५ मार्च, २०२६ सम्मको लागि ISAGO Ground Handling Certificate नवीकरण भएको छ । IATA-ISAGO को नियमानुसार दुई-दुई वर्षमा गरिने Audit को लागि IATA बाट खटिने आधिकारिक लेखापरीक्षकले Audit गरेपश्चात निर्धारित सबै मापदण्ड पूरा गरेको यकिन गरी निगमलाई यो प्रमाणपत्र प्रदान गरिएको हो । निगमको ग्राउण्ड ह्याण्डलिङ्ग सेवाको लागि निगमले विगत सन् २०१६ अगष्ट २६ देखि IATA-ISAGO प्रमाणपत्र प्राप्त गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडानहरूलाई ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ ।

# Aviation Security (AVSEC) सम्बन्धी दुई दिने तालिम

हवाई उडानमा सम्बद्ध कर्मचारीका लागि आवश्यक अनिवार्य तालिम (mandatory training) Aviation Security (AVSEC) सम्बन्धी दुई दिने तालिम मिति २०८१ वैशाख १९ र २० प्रथम चरणमा निगममा कार्यरत उच्च व्यवस्थापकलाई प्रदान गरिएको छ । निगमले सञ्चालन गरेको उक्त दुई दिने कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री हित बहादुर तामाङज्यूको प्रमुख आतिथ्य रहेको थियो । उक्त तालिममा निगमका कार्यकारी अध्यक्षसहित विभागीय प्रमुखहरू तथा सम्बद्ध कर्मचारीहरूको सहभागिता रहेको थियो । तालिमको प्रशिक्षकमा ICAO Certified Instructor/Auditor भरत राज ढकाल रहनु भएको थियो । उक्त दुई दिने तालिमको अवसरमा माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूसमक्ष निगमले गरेका कार्यहरू र भावी योजनाबारे प्रकाश पार्दै निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीले प्रस्तुत कार्यहरू सफल पार्न तालुक मन्त्रालय तथा नेपाल सरकारको साथ सहयोग र अभिभावकत्व आवश्यकता पर्ने भएकोले निगमले सोही अनुरूपको सहयोगको अपेक्षा गरेकोले त्यस किसिमको समन्वय तथा सहयोग सधैं प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । तालिममा सहभागीहरूलाई माननीय मन्त्रीज्यूको हातबाट प्रमाणपत्र वितरण गरिएको थियो ।



# निगमद्वारा काठमाडौं- भोजपुर- विराटनगर -भोजपुर - काठमाडौं उडान संचालन

निगमले काठमाडौं- भोजपुर-विराटनगर-भोजपुर-काठमाडौं उडान पुनः संचालनमा ल्याएको छ । मिति २०८१ बैशाख २२ तदनुसार ४ मे २०२४




मा नेपाल वायुसेवा निगमको 9N ABT मार्फत उडान नं. RA 109 वाट काठमाडौं- भोजपुर, RA 306 वाट भोजपुर-विराटनगर, RA 305 वाट विराटनगर- भोजपुर र RA 110 वाट भोजपुर- काठमाडौं उडान संचालनमा आएको छ । उक्त उडानमा काठमाडौंबाट विहान ८:२५ मा ११ जना यात्रु सहित भोजपुरको लागि उडेको थियो । भोजपुर वाट ९ जना यात्रु सहित विराटनगर उडेको जहाजले फेरी १६ यात्रु सहित भोजपुरवाट काठमाडौं अवतरण गरेको थियो । हरेक हप्ताको बिहीवार र शनिवार गरी सातामा २ वटा उडान संचालन हुने र उक्त उडानवाट काठमाडौंबाट भोजपुर र त्यहाँबाट विराटनगर यात्रा गर्ने यात्रुहरू लाभान्वित हुने विश्वास लिइएको छ ।

# मर्मतपछि न्यारोबडी जहाज पुनः संचालनमा

निगमको न्यारोबडी 9N-AKX (लुम्बिनी) जहाजमा प्राविधिक समस्या देखिएपछि इजरायलमा मर्मतका लागि एम आर ओ कम्पनी इजरायल एयरोस्पेस इन्डस्ट्रिजमा पठाइएकोमा लिजसहितको इन्जिन मर्मत सम्झौता भएअनुसार जहाजको मर्मत भएको हो । जहाज मर्मतका लागि आवश्यक पर्ने समय राखेर जहाज ग्राउण्डेड गरिएको थियो । उक्त जहाजको मर्मतपश्चात निगमका प्राविधिक टोलीले इजरायलबाट दुबई हुँदै मिति २०८१ बैशाख १५ गते काठमाडौंमा अवतरण गरी बैशाख महिनाबाटै उक्त जहाज पुनः संचालनमा आएको छ ।

# Safety Management System (SMS) तालिम प्रदान



निगमको विभिन्न विभागमा कार्यरत प्रबन्धक कर्मचारीहरूलाई Safety Management System (SMS) तालिम प्रदान गरिएको छ । मानव संशाधन विभाग अन्तर्गत तालिम शाखा र संस्थागत सुरक्षा महाशाखाको संयुक्त रूपमा यही २०८१ बैशाख ३ गते सञ्चालित उक्त तालिममा एकजना उपनिर्देशकसहित १५ जना प्रबन्धक कर्मचारीहरूको सहभागिता रहेको थियो । तालिममा श्री कार्यकारी अध्यक्षज्यूको कार्यालय, मानव संशाधन विभाग, साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग, बजार व्यवस्थापन विभाग, अर्थ विभाग, क्वालिटी एसुरेन्स विभाग र इन्जिनियरिङ्ग मेन्टिनेन्स विभागमा कार्यरत १५ जना प्रबन्धक र आन्तरिक लेखा परीक्षण विभागमा कार्यरत १ जना उपनिर्देशक कर्मचारीको सहभागिता रहेको थियो । संस्थागत सुरक्षा महाशाखाका उपनिर्देशक तथा श्रोतव्यक्ति श्री विकाश थापाले प्रशिक्षण दिनुभएको उक्त तालिमको समापनपश्चात् तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# निगमको काठमाडौं-रेसुङ्गा-काठमाडौं उडान हप्तामा चार दिन

निगमले काठमाडौं-रेसुङ्गा-काठमाडौंको उडान चैत्र महिनादेखि सातामा तीन दिन संचालनमा ल्याएकोमा बैशाख महिनादेखि हप्ताको चार दिन संचालनमा ल्याएको छ । यसअघि निगमको बुधबार र शुक्रबार र सोमबार गरी हप्तामा तीन उडान हुंदै आएकोमा हरेक शनिबार पनि उडान थप गरी हप्ताको चार दिन हुन थालेको छ । यस क्षेत्रमा यात्रुको चाप तथा सुविधालाई मध्यनजर गर्दै उडान थप गरिएको हो । रेसुङ्गा बिमानस्थल सदरमुकाम तम्घासबाट पाँच किलोमिटरको दुरीमा पर्छ ।

**विभागीय समाचार**

## मानव संशाधन विभाग

फागुन, २०८०

नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री अमित गुरूङ् | ९ | सिनियर क्याप्टेन |
| २ | श्री रोशन कोइराला | ८ | सिनियर को-पाइलट |
| ३ | श्री अञ्जना राई | ३ | कनिष्ठ सहायक |
| ४ | श्री पदम राज जैशी | १ | लोडर |

सरूवा/पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री सुरेश सापकोटा | ६ | अधिकृत | संस्थागत विभाग/पोखरा अन्तराष्ट्रिय विमानस्थल |
| २ | श्री सन्तोष खड्का | ६ | अधिकृत | यात्रुसेवा विभाग/विराटनगर स्टेशन |
| ३ | श्री शम्भु तामाङ् | ५ | वरिष्ठ सहायक | डोल्पा स्टेशन/थामखर्क स्टेशन |
| ४ | श्री लोकेन्द्र हाङ्म लिम्बु | ५ | वरिष्ठ सहायक | बजार व्यवस्थापन विभाग/इन्जिनियरिङ् मेन्टिनेन्स विभाग |
| ५ | श्री दुर्गा बहादुर खत्री | ३ | हेड लोडर | यात्रुसेवा विभाग/विराटनगर स्टेशन |
| ६ | श्री लोकेन्द्र बहादुर चन | ३ | कनिष्ठ सहायक | बजार व्यवस्थापन विभाग/यात्रुसेवा विभाग |
| ७ | श्री मिरा कुमारी पौडेल | ३ | कनिष्ठ सहायक | यात्रुसेवा विभाग/साधारण सेवा तथा सम्पति व्यवस्थापन विभाग |

राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री प्रज्वल श्रेष्ठ | १० | निर्देशक |
| २ | श्री जयन्ती थापा | ६ | लेखा अधिकृत |
| ३ | श्री संगीता धिताल | ५ | वरिष्ठ सहायक |
| ४ | श्री झलक राज जोशी | ५ | वरिष्ठ सहायक |
| ५ | श्री विवेक गिरी | ५ | वरिष्ठ सहायक |
| ६ | श्री भैरव बुढा | ५ | वरिष्ठ सहायक |
| ७ | श्री सृजना इटनी | ४ | सहायक |
| ८ | श्री विष्णु भण्डारी | ४ | प्राविधिक सहायक |
| ९ | श्री लक्ष्मी देवी दाहाल | ३ | कनिष्ठ सहायक |

**चैत्र,२०८०**

नियुक्ती

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री बागेश्वरी खनाल | ३ | कनिष्ठ सहायक |
| २ | श्री डोल बहादुर तामाङ् बम्जन | १ | लोडर |

सरूवा/पदस्थापना

| क्र.सं. | कर्मचारीको नाम | तह | पद | विभागबाट/विभागमा |
|---|---|---|---|---|
| १ | श्री गीतान्जली श्रेष्ठ | ५ | वरिष्ठ सहायक | अपरेसन्स विभाग/यात्रुसेवा विभाग |
| २ | श्री प्रेम बहादुर लामा | ५ | वरिष्ठ सहायक | यात्रुसेवा विभाग/इन्जिनियरिङ् मेन्टिनेन्स विभाग |

राजिनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री श्रृजित भण्डारी | ५ | सिनियर जिइओ |
| २ | श्री आमोद कुमार त्रिपाठी | ५ | वरिष्ठ प्राविधिक |

अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री निमानन्द खनाल | ६ | अधिकृत |
| २ | श्री गीता थापा | ४ | हेड लोडर |

# Arabian Travel Mart -ATM 2024 मा सहभागिता

Empowering Innovation–Transforming Travel through enterpreneurship भन्ने मूल नाराका साथ दुबईको World Trade Center मा मे ६ देखि शुरू भएर Arabian Travel Mart -ATM-2024 मे ९ मा समाप्त भयो । १६० बढी देशहरूबाट ४६००० बढी उद्योगी व्यवसायी सम्मिलित भएको यस मेलाको एकतिसौँ संस्करणमा नेपालबाट नेपाल वायुसेवा निगम सहित नेपाल पर्यटन वोर्ड, सात वटा ट्राभल एजेन्सी तथा दुईवटा पाँच तारे होटलका प्रतिनिधिहरू सहभागी थिए । नेपाल वायुसेवाका तर्फबाट निर्देशक जीवन कुमार भट्टराईको नेतृत्वमा चारजना प्रतिनिधिहरू सहभागी हुनु भएको थियो । उक्त मेलामा





नेवानिका प्रतिनिधिहरूले खाडी मुलुकका विभिन्न ट्राभल एजेन्सी, अफ्रिका विशेषगरी केन्या, युरोप र अमेरिकाका Online Travel Agency हरूका प्रतिनिधिहरूसँग द्विपक्षीय व्यापार विस्तारका विषयमा छलफल गर्नुभएको थियो । संयुक्त अरव ईमिरेट्सका लागि नेपाली राजदुत र उहाँको टिम तथा दुबईका ट्राभल एजेन्सीका प्रतिनिधिहरूले दुबई संसारका यात्रीहरूको हव भएकोले दैनिक निगमले कम्तिमा एक उडान गर्न, Punctuality Maintain गर्न तथा Inflight Service मा सुधार गर्न सुझाव दिनु भएको थियो । त्यस्तै उक्त मेलामा Kenya Airways तथा Azarbaijan Airlines सँग Special Prorate Agreement -SPA गर्ने विषयमा पनि छलफल भएको थियो ।


## Internal Audit Department

**Following tasks have been completed & continued during the period of Magh to Falgun:**


1. Human Resources Department Audit completed & report submitted.
2. Operation Department Audit completed & report submitted.
3. Delhi Station Audit completed & report submitted.
4. Central Unit of Finance Department Audit completed & report submitted.
5. General Service & Property Management Department Audit on going.
6. Customer Service Department Audit on going.
7. Hong Kong Station Audit on going.
8. Expenses Division of Finance Department Audit completed & report submitted.
9. Revenue Division of Finance Department Audit on going.


International Sector









Domestic Sector





**Market Share of Nepal Airlines for the year 2023**




**Source: Nepal Tourism Statistics 2023**

**Comparison of Tourist Arrival in Nepal in the first quarter of year 2023 vs. year 2024**




**Source: Nepal Tourism Board**

## ग्राउण्ड सपोर्ट विभागमा भएका मुख्य उपलब्धिहरू (चैत्र/बैशाख, २०८०-८१)

१) Air India Express को KTM Station मा Scheduled Flight को लागि Standard Ground Handling Agreement (SGHA) Review गरिएको ।

२) Chattrapati Shivaji International Airport Mumbai, मा BME Operator CelebiNASAirport Service, India संग Bridge Mounted Equipment Service (BME) Addendum 1 सम्पन्न भएको ।

३) Astra Air को KTM र PKR Station मा Scheduled Flight को Ground Handling सेवा प्रदान गर्नको लागि Standard Ground Handling Agreement (SGHA) पठाईएको ।

बाँकी पेज नं. ७ मा

४) तिन प्रकारका Aircraft Towbar को खरिदका लागि ICB Tender Notice जारी गरिएको ।

५) विभिन्न प्रकारका Automotive Lubricants and Working Fluids/Oil को खरिदका लागि टेन्डर आह्वान गरी वोलपत्र खोलेपश्चात मुल्याङ्कनको प्रकृयामा रहेको ।

६) Ground Support Equipment का लागि आवश्यक विभिन्न प्रकारका Automotive Tyre/Tube को खरिदका लागि टेन्डर आह्वान गरी वोलपत्र खोलेपश्चात मुल्याङ्कनको प्रकृयामा रहेको ।

## DUTY ROSTER OF RA CLINIC DOCTORS AT NAC

**Effective from May 2024**

| S. N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. MANEN PRASAD GORKHALY**<br>Consultant, Physician/Neurologist<br>NMC : 1667, Mobile No. : 9851051436 | 14:00-15:00 | | 11:00-12:00 | | 11:00-12:00 | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician, NMC: 1516, Mobile No. 9851053577 | 12:00-13:00 | 12:00-13:00 | | | 12:00-13:00 | |
| 3. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant, Orthopedic Surgeon<br>NMC: 4723, Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 11:00-12:00 |
| 4. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687, Mobile No. 9851056689 | | | 16:00-17:00 | | 15:00-16:00 | 13:00-14:00 |
| 5. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679, Mobile No. 9851176411 | 15:00-16:00 | | 14:00-15:00 | 14:00-1500 | | |
| 6. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335, Mobile No. 9801022997 | | 16:00:17:00 | | 16:00:17:00 | | 14:00-15:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996, Mobile No. 9841226322 | 13:00-14:00 | | 13:00-14:00 | 13:00-14:00 | | |
| 8. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784, Mobile No. 9841777677 | | 15:00-16:00 | 15:00-16:00 | 15:00-16:00 | | |

# Ground Support Department

**TACC Section**

**LOST AND FOUND RECORD SUMMARY**

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police security | |
| 1 | 2080 | Falgun | 7 | 1 | 3 | 10 | 0 | 0 | 0 | 14 | 35 | 24 | 6 | 5 | |
| 2 | 2080 | Chaitra | 2 | 1 | 8 | 5 | 0 | 0 | 0 | 8 | 24 | 11 | 13 | 0 | |
| **Total** | | | **9** | **2** | **11** | **15** | **0** | **0** | **0** | **22** | **59** | **35** | **19** | **5** | |

नोट : उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Abbreviation**

Mob: Mobiles
Mny: Money and wallets
Gld: Gold and ornaments
Hov: Handed over to the related airlines (staff, crew, passengers)
Cam: Different types of movie and still camera/watch.
ipd: i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Elx: Other electronic appliances/items, games, pendrives, Power Bank etc.
PP Passport

# Operations Department

**Performance Report of Flights from Kathmandu**

**for the month of Magh and Falgun, 2080**

| Fleet / Month Flight Performance % | 9N-AKW | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|
| | **Magh** | **Falgun** | **Magh** | **Falgun** | **Magh** | **Falgun** | **Magh** | **Falgun** |
| **Reliability** | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| **Punctuality** | 43% | 46% | 97% | 89% | 95% | 94% | 74% | 71% |

## MARKETING DEPARTMENT

### TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS

**AS OF Chaitra 2080 & Baishakh , 2081**

| Region | Chaitra 2080 | | | | Baisakh 2081 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 2,294 | 14,626,039 | 36,736 | 14,662,775 | 2,283 | 15,038,872 | 98,312 | 15,137,184 | 4,577 | 29,799,959 |
| **Domestic Total** | **2,294** | **14,626,039** | **36,736** | **14,662,775** | **2,283** | **15,038,872** | **98,312** | **15,137,184** | **4,577** | **29,799,959** |
| KTM-NRT | 3,389 | 276,014,188 | 14,051,570 | **290,065,758** | 3,466 | 295,326,472 | 13,148,600 | 308,475,072 | 6,855 | **598,540,830** |
| NRT-KTM | 3,027 | 151,390,415 | 4,405,104 | **155,795,519** | 3,177 | 162,936,702 | 4,061,772 | 166,998,474 | 6,204 | **322,793,993** |
| KTM-DXB | 3,653 | 98,565,812 | 5,070,350 | **103,636,162** | 4,132 | 135,195,156 | 6,684,500 | 141,879,656 | 7,785 | **245,515,818** |
| DXB-KTM | 3,067 | 39,437,838 | 10,146,195 | **49,584,033** | 3,515 | 44,455,290 | 9,680,650 | 54,135,940 | 6,582 | **103,719,973** |
| KTM-DEL | 7,660 | 93,603,080 | 1,722,630 | **95,325,710** | 8,527 | 134,176,456 | 4,221,345 | 138,397,801 | 16,187 | **233,723,511** |
| DEL-KTM | 7,447 | 64,708,048 | 1,651,712 | **66,359,760** | 8,203 | 67,130,034 | 1,689,792 | 68,819,826 | 15,650 | **135,179,586** |
| KTM-KUL | 1,923 | 55,981,784 | 1,482,005 | **57,463,789** | 2,554 | 81,021,632 | 479,050 | 81,500,682 | 4,477 | **138,964,471** |
| KUL-KTM | 1,379 | 21,366,197 | 99,840 | **21,466,037** | 973 | 12,076,134 | 27,540 | 12,103,674 | 2,352 | **33,569,711** |
| KTM-DOH | 3,808 | 99,673,864 | 8,402,526 | **108,076,390** | 4,566 | 139,075,328 | 14,567,828 | 153,643,156 | 8,374 | **261,719,546** |
| DOH-KTM | 3,387 | 73,861,236 | 4,791,824 | **78,653,060** | 3,753 | 72,573,704 | 3,877,853 | 76,451,557 | 7,140 | **155,104,617** |
| KTM-BKK | 1,877 | 47,049,296 | 1,205,760 | **48,255,056** | 1,807 | 52,295,686 | 190,596 | 52,486,282 | 3,684 | **100,741,338** |
| BKK-KTM | 1,552 | 55,794,496 | 1,375,159 | **57,169,655** | 1,192 | 42,291,216 | 737,409 | 43,028,625 | 2,744 | **100,198,280** |
| KTM-HKG | 898 | 37,996,976 | 1,434,420 | **39,431,396** | 990 | 48,670,880 | 980,220 | 49,651,100 | 1,888 | **89,082,496** |
| HKG-KTM | 638 | 27,027,776 | 1,576,720 | **28,604,496** | 708 | 28,511,276 | 1,882,880 | 30,394,156 | 1,346 | **58,998,652** |
| KTM-BOM | 738 | 10,443,599 | 74,270 | **10,517,869** | 1,137 | 22,069,776 | 69,950 | 22,139,726 | 1,875 | **32,657,595** |
| BOM-KTM | 733 | 9,202,284 | 443,840 | **9,646,124** | 1,194 | 16,622,032 | 401,728 | 17,023,760 | 1,927 | **26,669,884** |
| KTM-BLR | 1,010 | 15,021,180 | 66,075 | **15,087,255** | 1,189 | 20,757,572 | 39,600 | 20,797,172 | 2,199 | **35,884,427** |
| BLR-KTM | 745 | 8,011,260 | 325,780 | **8,337,040** | 1,071 | 16,799,508 | 196,740 | 16,996,248 | 1,816 | **25,333,288** |
| KTM- DMM | 696 | 25,737,740 | 8,645 | **25,746,385** | 1,056 | 40,979,140 | 19,285 | 40,998,425 | 1,752 | **66,744,810** |
| DMM-KTM | 858 | 18,054,330 | 473,760 | **18,528,090** | 985 | 15,939,525 | 401,760 | 16,341,285 | 1,843 | **34,869,375** |
| KUL-BWA-KTM | 576 | 6,410,449 | 7,830 | **6,418,279** | 353 | 3,369,127 | 44,370 | 3,413,497 | 929 | **9,831,776** |
| **Intl Total** | **49,061** | **1,235,351,848** | **58,816,015** | **1,294,167,863** | **54,548** | **1,452,272,646** | **63,403,468** | **1,515,676,114** | **103,609** | **2,809,843,977** |
| **Grand Total** | **51,355** | **1,249,977,887** | **58,852,751** | **1,308,830,638** | **56,831** | **1,467,311,518** | **63,501,780** | **1,530,813,298** | **108,186** | **2,839,643,936** |

**Note**:
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.